जि.प्र.का. द.नं. ०४/०५६/०५७ जि.हु.का.द.न. ०२/०६४/०६५

विकास, विचार र समाचारको स्वतन्त्र खुराक

# धादिङ आवाज

Dhading Voice Weekly

**हाम्रो सम्झना छ ?**

अडियो तथा भिडियो डकुमेन्ट्री बनाउनु परेमा राष्ट्रिय स्तरका पत्र, पत्रिकाहरु रेडियो र टेलिभिजनहरुमा सुचना तथा विज्ञापन प्रकाशन तथा प्रसारण गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

अल नेपाल मिडिया होम प्रा.लि
मो. नं ९७५१०१०६९५

मिड याड नेपाल
मो.नं. ९७५१०२०९६०

वर्ष १२, अंक १४ २०६७ साउन २ गते आइतवार *Webside : www.dhadingawaj.com.np* 18 july, 2010 पृष्ठ संख्या ६ मूल्य रु. ५।–

## बाढी र पहिरोले मार्पाकमा ठूलो क्षति

**मार्पाक (धास)** । अविरल वर्षा पछि आएको बाढी र पहिरोका कारण मार्पाक गाउं विकास समितिका वडा नम्वर ५ मा रहेको लघु जलविद्युत्त आयोजना पुरै बगाईदिएपछि गाउंवासीलाई लाखौको हानी नोक्सानी भएको छ। पहिरोले मार्पाक गाविसकै वडा नम्वर १ ,२ र ४ का उपभोक्ताहरुले उपभोग गरिरहेको सिंचाई कुलोको मुहानमा पनि क्षती पुगेको छ भने लपाङ खोलामा रहेको ५ वटा पानी घट्टपनि बाढीले बगाएको छ ।

अविरल वर्षा पछि आएको बाढी र पहिराले खानेपानीको मुहान पुरिएपछि मार्पाकका स्थानीय वासिन्दा मर्कामा परेका छन । पहिरोले खानेपानीको मुहान पुरिदिएपछि मार्पाक गाविसको वडा नम्वर १ का ४८ र २ का ९२ घर परिवार प्रभावित भएका छन् । खानेपानीको मुहान पुरिएपछि निरन्जना उच्च माध्यमिक विद्यालय, मार्पाक प्रहरी चौकी र मार्पाक स्वास्थ्य चौकीका साथै स्थानीयवासीलाई खानेपानीको समस्या भएको छ। यसै गरि वाढीले लोकमान सिंह थापा, रामचन्द्र अधिकारी, डोलवहादुर अधिकारी, जयवहादुर तामाङ र रणवहादुर अधिकारीको खेत समेत बगाएको छ। अविरल पानीले वडा नम्वर ७ को मंगलादेवी माध्यमिक विद्यालयको दुई कोठे भवनमा क्षती पुयाको छ।

### १७ औ जिल्ला परिषद सम्पन्न

# ११ करोड ७९ लाख ७५ हजार वजेट प्रस्तावित

**धादिङवेशी (धास)।** जिल्ला विकास समिति धादिङको सत्रौं जिल्ला परिषदले आगामी आर्थिक वर्षका लागि कुल ११ करोड ७९ लाख ७५ हजारको वजेट विनियोजन प्रस्ताव गरेको छ। विहिवार धादिङवेसीमा सम्पन्न भएको १७ औ जिल्ला परिषदको वैठकमा धादिङका स्थानीय विकास अधिकारी शंकर नेपालले आगामी आर्थिक वर्षको निति तथा कार्यक्रम र वजेट सार्वजनिक गर्नुभएको हो।

धादिङ क्षेत्र नम्वर १ का सभासद एवम एकिकृत नेकपा माओवादीका केन्द्रिय सदस्य पुष्पविक्रम मल्लको प्रमुख आतिथ्यमा भएको परिषदको उदघाटन कार्यक्रममा पुर्व स्थानीय विकास मन्त्री एवं नेकपा एमालेका पोलिटव्युरो सदस्य राजेन्द्र पाण्डे, पुर्व सांसद एवं नेपाली कांग्रेस धादिङका सभापती रामनाथ अधिकारीको आतिथ्य रहेको थियो । यसैगरि सभासदहरु शालिकराम जमरकट्टेल, कल्पना धमला, अच्युतराज पाण्डे , विरवहादुर तामाङको पनि आतिथ्य रहेको थियो। जिल्ला परिषदमा धादिङका प्रमुख जिल्ला अधिकारी भरत पौडेल, राजनीतिक दलका जिल्ला स्तरीय प्रतिनिधिहरु, सरकारी कार्यालयका प्रमुख एवं प्रतिनिधि, विभिन्न संघ/संस्थाका प्रतिनिधिहरुको पनि सहभागिता रहेको थियो।

जिल्ला परिषदमा स्थानीय विकास अधिकारीले आर्थिक वर्ष २०६७/६८ का लागि निति तथा कार्यक्रम र वजेट प्रस्ताव गर्नुभएको थियो । विनियोजित रकम पूर्वाधार विकास, विद्युत्त वन तथा वातावरण, शिक्षा, स्वास्थ्य, कृषि तथा सहकारी, भुमि व्यवस्थापन, पर्यटन तथा संस्कृत्ति सम्वर्धनका क्षेत्रमा खर्च गरिने बताईएको छ। यसै गरि युवा प्रतिभा प्रोत्साहन रोजगार प्रवर्धन र खेलकुद विकास, कला भाषा र साहित्य प्रवर्धन, सामाजिक परिचालन, विकास साझेदारका साथै प्रशासनिक क्षेत्रमा जिविस, गाविस अनुदान संचालन कार्यविधि र प्रचलित आर्थिक ऐन नियम अनुसार बांडफांड गरिने स्थानीय विकास अधिकारी शंकर नेपालले बताउनुभयो । नेपाल सरकारले कवाडी कर, विद्युत्त रोयल्टी, कृषि जन्य कर र केहि पुर्वाधार करहरुको नीतीगत परिवर्तन गरेका कारण गत वर्षको जिल्ला परिषदले अनुमान गरेको आयको लक्ष्य पुरा हुन नसकेको पनि स्थानीय विकास अधिकारी नेपालले बताउनु भयो ।




आर्थिक वर्ष ०६६०६७ का लागि ९ करोड ५९ लाख ६८ हजार ५ सय रुपैयाको आय अनुमान गरिएकोमा हाल सम्ममा ८ करोड १७ लाख ४५ हजार ३ सय ५५ रुपैया मात्र आम्दानी भएको बताईएको छ।

धादिङ जिल्ला विकास समितिले आगामी आर्थिक वर्षका लागि स्थानीय कर ६५ लाख, सेवा शुल्क १० लाख ५० हजार, दस्तुर ५ लाख ५० हजार, विक्रि वापत आय ६ करोड ५२ लाख, राजश्व वांडफांडबाट १ करोड ५१ लाख ७२ हजार, गाविस मालपोत १ लाख ५ हजार र विविध आय तथा चालु आर्थिक वर्ष वाट खर्च नभई जिम्मेवारी सर्ने २ करोड ८८ लाख समेत गरी कुल ११ करोड ७९ लाख ७५ हजारको प्रस्तावित वजेट ल्याएको हो। प्रस्तावित वजेट मध्ये चालु खर्च तर्फ १ करोड ८० लाख र पुंजिगत खर्च तर्फ ९ करोड ९९ लाख ७५ हजार विनियोजन गरिएको छ।

यसै गरि केन्द्रिय कार्यक्रमको पुंजिगत तर्फ विकास निर्माण र पुर्वाधार विकासका लागि ३४ करोड ९४ लाख २० हजार , सामाजिक सुरक्षा र गाविस अनुदान तर्फ २२ करोड ४ लाख ९८ हजारको वजेट शिलिङ रहेको स्थानीय विकास अधिकारी नेपालले परिषदमा बताउनुभएको थियो।

## नेपाल भकभक संघको प्रथम जिल्ला अधिवेशन सम्पन्न

**गजुरी (धास)** । नेपाल भकभक संघ जिल्ला शाखा धादिङ्गको प्रथम जिल्ला अधिवेशन सम्पन्न भएको छ। आषाढ ३२ गते सम्पन्न अधिवेशनको प्रमुख अतिथि एंव निवर्तमान गा.वि.स. अध्यक्ष शुक्ल बहादुर उप्रतीले मैनवत्ती बालेर कार्यक्रम उद्घाटन गर्नु भएको थियो।

नेपाली भाषा विज्ञानका प्राध्यापक कुलमणि चम्लागाइँ लगायतका व्यक्तित्वहरुले मन्तव्य राख्ने क्रममा भकभकेलाई साहानुभूति होइन अधिकार दिनुपर्छ , यो कुनै रोग होइन बानी हो जुन सुधार हुने कुरा हो जस्ता बिषयमा आफ्ना धारणा व्यक्त गरेका थिए ।

आदर्श बहुमुखी क्याम्पसका प्राध्यापक हरिप्रसाद उप्रेतीले कार्यक्रमको उद्देश्य र औचित्य प्रष्ट पार्नु भएको थियो । भेलाले हरि प्र. उप्रतीको अध्यक्षतामा७ सदस्यीय कार्य समितिको चयन गरेको छ। कार्य समितिको उपाध्यक्षमा नरेन्द्र उप्रेती, सचिवमा भिषण खरेल र कोषाध्यक्षमा किसान सुनुवार सहित ३ जना सदस्य रहेका छन ।

नेपाल भकभके संघ जिल्ला शाखा धादिङ्गलाई क्रियाशिल गराउँदै भकभकेहरुको पहिचान, भकभके बोली न्यूनिकरणका लागि उपचारात्मक कार्यक्रमको खोजी तथा विस्तार गर्ने, सरसकारवाला सरकारी तथा गैह्रसरकारी संघसंस्थाहरुसँग सहकार्य र सहयागको लागि सहयोग विस्तार गर्ने जस्ता बिषयहरुमा भेलाले निर्णय गरेको छ।

## धादिङमा एकल खाता प्रणाली TSA लागू हुने

**धादिङवेशी (धास)।** धादिङ जिल्लाका सरकारी कार्यालयका नाममा रहेका खर्च खाताहरु बन्द गरेर कोष तथा लेखा नियन्त्रक कार्यालयका नाममा एकल बैंक खाता मात्र सञ्चालन हुने भएको छ।

सरकारी कार्यालयका कर्मचारीहरुका लागि एकल खाता कोष प्रणाली TSA बारे जानकारी गराउन सदरमुकाम धादिङबेसीमा गोष्ठिको आयोजना गरि एकल बैंक खाता सञ्चालन गर्ने बताईएको थियो।

गोष्ठिमा नेपाल सरकार महालेखा नियन्त्रक कार्यालयका सह महालेखा नियन्त्रक चुडामडि शर्माले एकलखाता कोष प्रणाली, बजेट खर्च गर्ने कार्यालयको कार्य, कोष तथा लेखा नियन्त्रक कार्यालयको कार्य, सरकारी कारोवार गर्ने बैंकहरुको कार्य लगायतका विषयमा सहभागिहरुलाई जानकारी गराउनु भएको थियो । त्यसैगरि गोष्ठिमा उप महालेखा नियन्त्रक सिताराम कार्कीले धरौटी सम्बन्धी कार्यविधि र राजस्व लेखा सम्बन्धी कार्यविधिका बारेमा प्रस्तुति गर्नु भएको थियो । गोष्ठिमा नियन्त्रकद्वयले सरकारको वित्तिय एवं खर्च व्यवस्थापनको कार्यलाई सरल मितव्ययी, प्रभावकारी र पारदर्शी बनाई विकास मैत्री बनाउन तथा आधुनिक कोष प्रणाली अवलम्बन गरि नेपाल सरकारको कोष प्रणलीलाई विश्व स्तरका व्यवस्थाको समकक्षी तुल्याउन नेपालमा एकल खाता प्रणालीको अवधारणा ल्याईएको बताउनु भयो। गोष्ठिमा एकल खाता प्रणाली कोष सञ्चालनमा आएपछि विनियोजन, धरौटी तथा राजस्व कार्यविधिमा

बाँकी ४ पेजमा

## स्थापना दिवसमा रक्तदान

**मलेखु (धास)** । जनकल्याण बचत तथा ऋण सहकारी संस्थाले आफ्नो १४ औं स्थापना दिवसको अवसरमा रक्तदान कार्यक्रम सम्पन्न गरेको छ।

सहकारीको स्थापना दिवसको अवसर पारेर हरेक वर्ष संस्थाले रक्तदान कार्यक्रम गर्दै आएको बताईएको छ । सहकारीका अध्यक्ष देवप्रसाद त्रिपाठिको अध्यक्षतामा संस्थाको कार्यालयमा सम्पन्न भएको रक्तदान कार्यक्रममा ९१ जनाले रक्तदान गरेका थिए ।

अब तपाईहरुको लागि
धादिङ आवाज
साप्ताहिक प्रत्रिका
*Webside:*
*www.dhadingawaj.com.np*
मा पनि

प्रकाशक : नवराज छत्कुली (९७५१०२०९६०)
सल्लाहकार : ध्रुवबहादुर थापा
गोपाल लम्साल
सम्पादक : के.पि. दुवाडी (०१०-५२०६१५)
कार्यकारी सम्पादक : राजाराम शर्मा (९८४१०६३८९७)
सहसम्पादक : दामोदर अर्याल (९८४१३४४६३५)
व्यवस्थापक : शंकर श्रेष्ठ (९८४१७१७९२५)
विशेष सहयोगी: अर्जुन श्रेष्ठ (गोर्खाली)
बजार प्रतिनिधि : विकास श्रेष्ठ (९८४१०६३८९८)
फोन/फ्याक्स : ०१०-५२०६१५
E-mail : dhadingvoice@gmail.com
मुद्रक **सरस्वती छापाखाना** धादिङबेंसी
फोन: ०१०-५२०२५९, ५२०६८४,सुगमटोल,धादिङ
**कम्प्युटर सेटिङ : रीता लम्साल**
अधिकृत विक्रेता : त्रिपुरा पुस्तक पसल, धादिङवेसी
Webside : www.dhadingawaj.com.np

# सम्भव नहुने राष्ट्रिय सहमति

माधव कुमार नेपाल प्रधानमन्त्री भए देखि नै उनलाई राष्ट्रिय सहमतिका लागी बाधक ठान्नेहरुको जमात नेपाली राजनीतिमा ठूलै रहेको थियो ।त्यो जमात भित्र एनेकपा माओवादी रहनु कुनै नौलो कुरो नरहे पनि स्वंय प्रधानमन्त्रीको दल एमाले भित्रै पनि उनलाई बाधक ठान्नेहरु प्रशस्त नै थिए ।त्यसबाहेक केही ठूला र नाम चलेका भनिएका विष्लेषक, तथा विद्धानहरु पनि माधव कुमार नेपाललाई सहमतिका लागी बाधक भएकाले उनले राजिनामा दिनु पर्ने तर्क गर्दै माओवादीको एजेण्डालाई जोडदार रुपले समर्थन गर्दै निरन्तर रुपमा माधव कुमार नेपालको अवमूल्यन गर्न तत्पर रहे ।माओवादीलाई एक्ल्याएको ठान्नेहरुले समस्याको मुल जरोलाई विष्लेषण नगरी निरन्तर रुपमा सरकार विरोधी अभियान सञ्चालन गर्दै जाँदा सर्वसाधरण जनता पनि एक हदसम्म माधव कुमार नेपाल नै राष्ट्रिय सहमतिका लागी बाधक हुन् की भनेर मान्न बाध्य भएका थिए ।तर अनपेक्षित रुपमा आएको उनको राजिनामा र त्यस पछि पनि राष्ट्रिय सहमति बन्न नसकेको यो अवस्थामा व्यक्ति विशेषलाई आक्षेप लगाएर सहमति खोज्न चाहने राजनितिज्ञ,विषलेषक, प्रवुद्धवर्ग भनाउँदाहरुले जनतालाई राष्ट्रिय सहमति हुन नसक्नुको कारण के हो भनेर भन्लान?

सबैले बुझेको र जानेको तथ्य मुलुक राष्ट्रिय सहमति बिना चल्दैन भन्ने नै हो तर त्यो सहमति मुलुक र जनताको एजेण्डामा केन्द्रित रहेर गर्न खोजियो भने मात्र सम्भव हुन्छ भन्ने अर्को ध्रुवसत्यलाई अंगीकार गर्न नसकेको कारण नै यो समस्या जहींको तहीं रहेको हो भन्न सकिन्छ ।त्यसो त माधव कुमार नेपालको राजिनामा पछि राष्ट्रिय सहमतिको बाटो खुल्छ भनेर वकालत गर्नेहरु अहिले नाजवाफ भएका हुन सक्छन् वा अन्य कुनै बाहना पनि बनाउन सक्छन् अहिले सहमति कायम हुन नसक्नुमा ।तर जसलाई सहमतिका लागी बाधक भनेर निरन्तर प्रहार गरियो उसको बर्हिगमन पछि पनि सहमतिको बिन्दुमा अरुलाई ल्याउन नसक्नु कसको दोष हुन सक्छ ?जुन मुद्दालाई प्राथमिकतामा राखेर सहमति हुन्छ भनियो त्यो मुद्दा किनारा लागी सकेपछि सहमतिका लागी योगदान दिने जिम्मेवारी कसको हुन्छ?माधव कुमारलाई बाधक ठान्नेहरु अहिले के गर्दैछन्? मुलकुको समस्या व्यक्तिगत स्वार्थ र सत्ताको हानथापसँग मोलतोल गर्नेहरुले जवाफ दिनु पर्छ की पर्दैन?

## दृष्टिकोण

**✍.यमराज जी**

प्रधामन्त्रीको राजिनामा र त्यसपछि राष्ट्रपतिले दिएको समय अनि थप गरिएको पाँच दिन पछि पनि सहमतिको खाका तयार गर्न नसक्ने माओवादी अध्यक्षले कुन मुखले राजिनामा आए २ दिन भित्रै सबै कुरा मिल्छ भने?मुलुकको ठुलो र जिम्मेवार भनिएको दलको नेताको बोलीमा देखिने यो हचुवापनले के मुलुक चल्न सक्छ?मुलुकको समस्या के हो भन्ने तर्फ ध्यान नदिएर सत्ता र स्वार्थमा बिषयान्तर हुने दलहरुले अबको एक बर्ष भित्र पनि सहमतिको खाका तयार गर्न सक्दैनन्।माओवादको आठे प्रतिबद्धतामा रमाउनेहरुले उसको लडाकु शिविर कालीबहादुर खाम जस्ता अपराधी संरक्षण गर्ने थलो भएकोमा किन आपत्ति जनाउन सक्दैन? समस्या माओवादी भित्र रहेको छ अनि उसले अंगीकार गरेको रणनीति भित्र छ।शान्ति प्रक्रियाका विवादित बिषयलाई मुल मुद्दा बनाएर समाधान खोज्न कुनै दल पनि इच्छुक छैनन् । माओवादीलाई क्यान्टोनमेन्टका हतियार र लडाकु देखाएर आफ्ना एजेण्डाहरु लाद्न सकिन्छ भन्ने मान्यताले गाँजेको छ र उ त्यसकै आडमा अगाडी बढ्न चाहन्छ ।१२ बर्ष युद्ध लडेर माओवादीले बुझेको भनेको हतियारको शक्ति मात्र हो ।त्यो शक्तिलाई किनारा लगाएर अगाडी आफ्नो भविष्य नै सकिन्छ की भन्ने त्रासले पनि उ लडाकुको सवालमा सम्झौता गर्न चाँहदैन अनि माओवादी इतरका दलहरु माओवादीको त्यही शक्तिको छायाँमा आफु पर्ने हो की भन्ने भयले लडाकुको सम्बन्धमा स्पष्ट हुन चाहन्छ। जब सम्म यो भय र त्रासको सम्भावना रहन्छ तबसम्म मुलुक अस्थीर बनिरहन्छ। अनि त्यतिखेर न माधव नेपाल न प्रचण्ड न रामचन्द्र जो सुकै प्रधानमन्त्री बने पनि हुनेवाला केही छैन ।माओवादीको हतियार र लडाकु मोह अनि अन्य दलहरुको चिन्ताको सही सम्बोधन नभएसम्म मुलुकमा राष्ट्रिय सहमतिको वकालत गर्नु मृगतृष्णा जस्तै हो ।

# सम्पादकीय.........✍

## जनताप्रति संवेदनशील बनौं ।

स्थानीय सरकारको रुपमा स्थापित जिल्ला विकास समितिको भूमिका जिल्लाको समग्र विकासका लागि महत्वपूर्ण हुन्छ । नयाँ नेपालको निर्माणमा देशको हरेक निकाय र संरचनाबाट प्रदान गरिने सेवाहरुमा पनि परिवर्तन आई छिटो, छरितो, सर्वसुलभ, पारदर्शी र जनकेन्द्रित हुनु आवश्यक छ । जिल्ला विकास समितिबाट प्रदान जिल्ला विकास समितिबाट प्रधान गरिने सेवाहरु त झनै महत्वपुर्ण मानिन्छ । किनकि जिल्ला विकास समिति प्रत्यक्ष रुपमा जनताका लागि स्थापित , जनताका प्रतिनिधिहरु रहने र उनिहरुको हितका लागि निर्णय गर्ने निकाय हो । यद्यपी अहिले निर्वाचित जनप्रतिनिधी छैनन् तर पनि दलिय संयन्त्रले जनताको प्रतिनिधित्व गरेकै छ । परिवर्तित संन्दर्भमा जिम्मेवार र जनविश्वास पाएका राज नैतिक दलहरुको सहमतिमा शासन सञ्चालन भैरहेको छ। यसै गरि गाँउ गाँउ र जिल्लाहरुमा दलित प्रतिनिधीहरु बसी योजनाको छनोट रकम विनियोजन र योजना कार्यान्वयन सम्म मात्र होईन अनुगमन र मुल्याङ्कन समेत गर्ने गर्दछन् । यसका लागि सवै राजनीतिक दल , तिनका प्रतिनिधिहरु र कर्मचारी संयन्त्र सवै निश्कलङ्क बन्न सक्नु पर्छ । अझ यसमा दलका प्रतिनिधिहरु पार्टीगत स्वार्थभन्दा पनि माथि उठेर जनताका आवश्यकता र चाहनालाई बुझेर कार्यगर्नु पर्छ । खासगरि विपन्न , दलित , महिला , आदिवासी जनजाति , अपाङ्ग भएका र सिमान्तकृत तथा लोपोन्मुख समुदायको हितको कार्य गर्नु पर्छ । जनप्रतिनिधिहरुले विकास योजनाहरुको प्राथमिकता निर्धारण गर्ने , दलीय सहमतिमा कार्यान्वयनमा लैजाने विषय संवेदनशील बनेर लाग्नु पर्छ। पछिल्लो समयमा देखिएको राजनीतिक अस्थिरता र महत्वकांक्षाले यी विषयहलाई ओझेलमा पार्न लागेको भान हुन्छ। यसबाट सवैलाई फाइदा भन्दा वेफाइदा बढि छ , जनताको नजरमा सवै तिरस्कृत हुने अवस्था आउन सक्छ। वेलैमा सवै यसप्रति चनाखो बन्नु पर्छ।

# बटुवा र बुढी आमा अनि........

उल्लघन गर्दै हास्यास्पद समाचार स्थानीय संचार माध्यम मार्फत प्रसारण गरिएको छ । ढोला गाउँ ईकाइ महासंघको व्यवस्थापनमा मिति २०६७ जेष्ठ १९ गतेका दिन सम्पन्न वन महासंघ धादिङ्गको तेस्रो जिल्ला अधिवेसन भेलाबाट गठित कार्यसमितिको सदस्य श्री सरोज तामाङ्ग सहितको नाम राखेर राजेन्द्र वस्नेतको संयोजकत्वमा कार्यसमिति बनेको प्रचार संचार माध्यमले बाहिर ल्याएकोछ । गलत समाचार प्रसारणको लगत्तै स्वयं सरोज तामाङ्गले बिना जानाकारी नै आफ्नो नाम बिकाएको व्यहोरामा संचार माध्यम मार्फत खण्डन गरिएको थियो । यस्ता तितो यथार्थलाई सहजै पचाएर अझै समुदायिक वन महासंघ धादिङ्ग नामकै खोल ओढेर अरु झुटा प्रयासहरु गरिदै गरेको संकेत देखिएकोछ । तसर्थ सामुदायिक वन महासंघ विजनेस नेटवर्क जस्तो संस्था नभएको कुरा ख्यालमा राखी कृतिम संस्था खोल्न प्रयास गर्ने सम्बन्धित पक्षलाई सचेत रहन आवह्रान गर्दछ। सामुदायिक वन उपभोक्ता समुहको विधान र कार्ययोजना विपरित कार्य गर्नु सार्वभौम सम्पन्न उपभोक्ताहरुको अधिकारको हित विपरित हुन सक्दछ। अत: वन ऐन२०४९ र नियमावली २०५१ को दायरालाई आत्मसात गरी वन समुहहरुको गतिविधिहरु संचालन गर्न जिल्ला महासंघ धादिङ्ग हार्दिक अपिल गर्दछ ।

वन फडानी भईसके पश्चात सतहमा आएका सडक बाटोको आवश्यकता नै नभएको, वन पैदावर समुहभित्र नै आवश्यकता भएको जस्ता विवादस्पद कुराहरुलाई ध्यानमा राखेर जिल्ला वन कार्यलयबाट भएको प्रारम्भिक प्रयास पश्चात वन महासंघ धादिङ्ग र जिल्ला वन कार्यलयबीच विवाद व्यवस्थापनको लागि जिम्मेवारकासाथ समूहमा पुग्ने निर्णय भईसकेको छ।मैदीमा उठेको यस सवालले जिल्लाभित्रका सम्पुर्ण वन समूहहरु बढि भन्दा बढि सचेत रहनु आवश्यक्ता देखिएको छ । समुहहरुबाट संचालन गरिने हरेक गतिबिधिहरुको असर, प्रभावको संभावित परिणामलाई अग्रिम आंकलन गरेर कृयाकलाप अगाडि बढाउनु वृहत्तर हितको सुचक हुन सक्दछ। यसै सन्दर्भमा जिल्ला भित्रका सम्पूर्ण उपभोक्ता समूहहरु विधिको शासनमा रहेर समूह संचालन गर्नुहुन जिल्ला महासंघ धादिङ्ग हार्दिक अनुरोध गर्दछ।

# धादिङका महत्वपूर्ण टेलिफोन नम्बरहरु



| | |
|---|---|
| धादिङ अस्पताल | ५२०१३० |
| शहिद मेमोरियल अस्पताल | ५२०२८३ |
| राजमार्ग सामुदायिक अस्पताल | ५२९२८७ |
| धादिङ सामुदायिक अस्पताल | ५२०२४६ |
| गजुरी अस्पताल | ५२९११२ |
| जिल्ला आर्युवेदिक स्वास्थ्य केन्द्र | ५२०२७८ |
| प्राथमिक स्वास्थ्य केन्द्र गजुरी | ५२९१७८ |
| वेनिघाट स्वास्थ्य चौकी | ९८४१५०९३९३ |
| खानीखोला एम्बुलेन्स | ०१६-२०४१२४ |
| सल्यानटार प्राथमिक स्वास्थ्य केन्द्र | ०१०६९०११५ |
| जिल्ला प्रहरी कार्यालय | ५२०१९९ |
| ईलाका प्रहरी कार्यालय गजुरी | ५२९१६० |
| ईलाका प्रहरी कार्यालय खानीखोला | ५२९१२६ |
| जिल्ला कारागार शाखा | ५२०२४० |
| जिल्ला प्रशासन कार्यालय | ५२०१३३ |
| नेपाल रेडक्रस सोसाइटी | ५२०१३७ |
| यातायात व्यवसायी संघ | ५२०११९, ५२०६०९ |
| माइक्रोबस व्यवसायी संघ | ५२०३८७ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| धादिङबेंसी | ५२०१५० |
| गजुरी | ५२९१७८ |
| मलेखु | ५२९२८७ |
| बैरेनी | ५२९१६२ |
| आरुघाट एम्बुलेनस | ०१९५३४५०४ |
| ने या स्व म संगठन पृथ्वी राजमार्ग इकाई धार्के (शवबहान एम्बुलेन्स) | ९८४१५१९६६६ |
| धादिङ आवाज साप्ताहिक | ०१०-५२०६१५ |
| ग्रामिण यातायात | ०१०-५२०९७४ |
| रेडियो धादिङ | ०१०-५२०९६० |
| रेडियो लोकतन्त्र | ०१०-५२०२७१ |
| रेडियो कृषि | ०१६-२१४४३९ |
| रेडियो विहानी | ०१०-५२०९९७ |
| जनमुक्ति साप्ताहिक | ०१०-६९०८४८ |
| मंगल प्रभात किरण | ०१०-५२०४४० |
| नेपाल पत्रकार महासंघ | ०१०-५२०७३० |
| गैसस महासंघ | ०१०-५२००४९ |

# प्रणवीर, रणवीर र कर्मवीरका त्रिवेणी बलबहादुर राईमा अन्तिम जय नेपाल



✍ ... बद्रीप्रसाद दाहाल

**व्यक्ति–व्यक्तित्व**

लौह पुरुष गणेशमानसिंह पछिका साहसका प्रतिमूर्ति आफ्ना प्रण, बाचा र सङ्कल्पमा अडिग रहने जिउँदा महायोद्धा, रणवीर निष्ठाका धरहरा बलबहादुर राइले अन्ततः नब्बे वर्षको ऋषिकल्प उमेरमा क्रूर कालको पञ्जामा परी इहलीला समाप्त गर्नुभयो । एकतन्त्रीय हर्कतविरुद्ध अविराम विद्रोहको झण्डा उठाउने अथक र उत्साहका विम्ब बलबहादुर राई साच्चै लोकतान्त्रिक बलका उम्दा, जल्दा- बल्दा राजनेता नै थिए । सधैं गीताको 'कर्मण्येवाऽधिकारस्ते माफलेषु कदाचन' भन्ने आर्ष सुक्तिलाई सिद्धान्त र व्यवहारमा अनुशरण गर्ने एक लडाकू पुरुष जीवनको अन्तिम समयसम्मनै नमुनामा धवलित बनिरहे। वि.स. १९७७ फागुन १६ गते विकट वखलढुङ्गा जिल्लाको वडानं. ३ मोली गाउँमा आँखा खोलेका थिए यी महायोद्धाले । पिता नवलसिंह राई र माता भगीमाया राईका साँहिला सुपुत्रको रुपमा जन्मिएका यिनी सानैदेखिनै हक्की स्वभावका र समानताप्रेमी थिए । आफ्नी धर्मपत्नी शोभा कुमारी राईको अवसानपछि विधुर जीवन खेप्न पुगेका राईका दुइ योग्य सुपत्री र सुपुत्रहरु क्रमश प्रमिला, उर्मिला, प्रेमराज र भूपराज आ-आफ्नो क्षेत्रमा पिताको विरासतलाई जोगाउन क्रियाशील छन् । सादा जीवन उच्च विचारका धनी बलबहादुरले आफ्ना सन्तति लगायत सम्पूर्ण नयाँ पुस्तालाई ठूलो पद पाउँदा पनि ठूलो हुँ भन्ने हैकमी अर्थात् स्वामी मानसिकता नलिन आग्रह गरिदिएका छन् । स्वाध्ययनबाट आध्यात्मिक ज्ञानको क्षितिज फराकिलो बनाएका धर्मवीर राईको रुचिको विषय शक्तिकी प्रतीक देवी र पुरुषर्थवादका ज्योति कृष्णप्रति अनन्य आस्था थियो । त्यसैले त उद्बोधनको प्रतीक शङ्ख, जागरणको बिम्ब घण्टा बजाएर चण्डी र गीताको नियमित प्रातः वाचन गरी विश्लेषण, चिन्तन र मननमा आफ्ना आध्यात्मिक क्षुधालाई प्रबोधित गराइरहनु भयो । 'जब पुग्यो नब्बे हब्बे न कब्बे' भन्ने नेपाली कहावतलाई चुनौती दिंदै उनले जीवनको उत्तरार्धको अन्तिम क्षणसम्म पनि आफ्नो हब्बे कब्बे अर्थात् बलबुता, भित्री एवं बाहिरी तागत, आँट, बर्कत र सामर्थ्यलाई सशक्तरुपमा प्रदर्शन गरिरहे । अनि देवतागण र पितृगणलाई आस्था तथा श्रद्धापूर्वक दिइने हव्य तथा कव्य आफ्नो आश्रमा बसेर न्यासध्यानपूर्वक चढाइरहे । 'मेरा हात गोडा चलुन्जेलसम्म मेरा मुखारविन्दबाट वाणी बजुन्जेलसम्म म राजनीतिमा सक्रिय भइरहन्छु, म राजनीतिमा लागेको मान्छे कुन वेला मर्ने हो ठेगान छैन संघर्षको क्रममा मेरो अवसान भै हाले पनि तिमीहरुले कत्ति पनि चिन्ता लिनु पर्दैन । "यी उत्कट प्रण र महासङ्कल्पमार्फत उनी लोकतान्त्रिक राजपथ निर्माणमा अथक भई लागिपरिरहे । आफ्नो मूल्य, मान्यता, सिद्धान्त र विचारबाट कहिल्यै नचिप्लने निर्लोभी बलबहादुरले हस्पिटलको शैयाबाट पनि हामी भेट्न जाँदा जातीयवादको खोरमा देशलाई केही स्वार्थीहरुले फसाउलान् है होसियार रहनू " भनेर तराई, पहाड र हिमालका तमाम राजनीतिक कार्यकर्तालाई उध्याइरहे । बुद्धिजीवीप्रति अनन्य भरोसा राख्ने उनी कार्लमार्क्सकै शब्दमा भन्थे –"जसको दिमाग निर्भीक र स्वतन्त्र छ, त्यसैलाई बुद्धिजीवी भन्न सकिन्छ । " अर्थात् गुलियोमा भुलिने झिंगाझैं भएका पिपलपाते चरित्रका बुद्धिजीवी जो शक्ति र सत्ताको अनुकूलमा विश्लेषण र व्याख्यान गरी अफबाह फैलाएर बुद्धिजीवीको भ्रम दिन्छन् त्यस्ता मौका परस्तप्रति तीव्र घृणा थियो उनको ।
वि.सं. १९९५ मा तत्कालीन सेनाको विष्णुदल गणमा मासिक ५ रुपैयाँ पाउने गरी सिपाही भएका उनी केही समयपछि हवल्दार बनेर बढोत्तरी भई ६ रु.कमाउने बने । समयक्रममा उनले सेवा परिवर्तन गरेर निजामतीका बहिदार बने । २००४ सालमा जननायक वीपीले निकाल्नु भएको पर्चा पढेर लोकतान्त्रिक क्रान्तिकारी राजनीतिमा आकर्षित बनेका उनी सातसालको जनक्रान्तिमा जागीर छोडेर जनमुक्तिसेनाको शौर्यतालाई पूर्वाञ्चलभरी छताछुल्ल बनाए । दोलखा कब्जा गर्न हिंड्दा नहिंड्दै दिल्ली संझौता सम्पन्न भएको कारणले उनले आफ्नो नेतृत्वको विजय अभियानलाई विराम दिए तर संझौताबारे स्पष्टवादी नेता राईका आत्माका खुल्दुली त्यो बेलामा प्रश्न-प्रतिप्रश्न भएर पनि मडारिए । यही २०६७ असार २० गते शिक्षण अस्पताल महाराजगञ्जमा वहाँको भौतिक शरीरको अवसान भैसकेपछि भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै ने.का. का कार्यवाहक सभापति शुशील कोइरालाले भन्नुभयो – "माओवादीलाई लोकतान्त्रिक धारमा ल्याउन र शान्ति प्रक्रिया टुङ्गोमा पुर्‍याउन वहाँ हाम्रा उत्प्रेरक व्यक्तित्व हुनुहुन्थ्यो । " वरिष्ठ नेता देउवाले वहाँ राजनीतिक योद्धा मात्र नभएर आध्यात्मिक क्षेत्रको बोद्धा पनि हुनुहुन्थ्यो भनेर राईको विस्तीर्ण व्यक्तित्वलाई आलोकित गराउनु भएको छ । अर्का नेता रामचन्द्र पौडेलले " सिद्धान्त र निष्ठाका प्रतिमूर्ति राई एउटा जिउँदो इतिहास हो" बोलेर उनको अग्लिएको एवं सग्लिएको इतिहासको वीरगाथाप्रति नमनशील अभिनन्दन गरे । सभामुख सुभाष नेम्वाङले स्वतन्त्रता र सङ्घर्षका पर्यायको रुपमा अभिवादन गरे भने एमाले अध्यक्ष झलनाथ खनालले - मुलुकले वहाँको योगदानको उच्च मूल्याङ्कन गर्नुपर्छ भनी सश्रद्धा न्यायिक आवाज उठाए । यसरी नेपाली राजनीतिका थुप्रै अभिकर्ताहरुले लोकतन्त्रका एक भीष्म व्यक्तित्वलाई लौह पुरुष को हारहारीमा श्रद्धा संमान र नमन प्रकट गरेका छन् । जेल र प्रवास गरी डेढ दसक बिताएका राईका रणवीर दिनचर्या कम रोमान्चकारी छैन । आफुलाई खुकुरीको धारमा राखेर तानाशाहविरुद्ध फौजी लडाइँदेखि विचारको सङ्गीनसम्म उचाल्ने बलबहादुर साँच्चै बल र विचारको बहादुर नै थिए । टिम्बुरबोटे काण्डमा अदालतले मार्ने आदेश दिए पनि जेलचलान क्रममा सिध्याउने षड्यन्त्र हुँदाहुँदै यी रणयोद्धालाई तत्कालीन ठानेदारले बचाएर काठमाडौंको विशेष अदालतमा बुझाए । त्यो बेलाको उग्र पञ्चायती शासकले एक योद्धाको निष्कपट लडाँईलाई मृत्युमा बदल्न हिम्मत गर्न नसकेरै बलबहादुर बलबहादुर बने । राजा महेन्द्रले ०१७ सालको कु पछि उनको सर्वस्व हरण गर्न लगाए , पटक-पटक निर्भीकता र सत्यवक्ता दोश्रो नेपाली सुकरातलाई मंत्रीको लोभ देखाएर ने.का. को जनवादी र क्रान्तिवादी धारलाई भुत्ते बनाउने कसरत गरे पनि राईले त्यसलाई तुच्छ , नीच र अघम कुकाम भनी निन्दा गरे । ०७,०१७ लगायतका ने.का.का सशस्त्र र शान्तिपूर्ण क्रान्तिमा आफूलाई उत्सर्गित गरेर छ दसक भन्दा बढी आजीवन नेकामा उच्च सक्रिय रहँदै उनले निभाएको पदीय जिम्मेवारी सबै राजनीतिज्ञको लागि अनुकरणीय छ । यतिखेर नेपालको प्रजातान्त्रिक आन्दोलनको मूर्त, स्फूर्त अभिवावक अस्त भएर सबै तप्का विह्ल बनेको छ । सबल बहादुर राईका सघर्षशील जुझारु निष्ठाले भरिएको स्वधर्ममा कहिल्यै तहल्लिने जीवनगाथा अनुशरण गरी शोकलाई शक्तिमा रुपान्तरित गर्नु लोकतान्त्रिक पात्रहरुको आजको महान् कर्तव्य हो । दुइ दुइ पटक मन्त्री र १९ पटक कार्यवाहक प्र.मं. बनेका नेपाली क्रान्तिका पर्याय राई महामना वी पी कोईरालाले भनेझैं -"तिमी ठूलो मान्छे बन्नुभन्दा असल मान्छे बन । " भन्ने वाणीलाई गायत्री मन्त्र बनाएर राजनीति जनसेवा हो , जनताका कुण्ठा निरीहतालाई यसले आवाज दिन सक्छ भन्ने मान्यता थियो उनमा । का.वा. प्र.म. सम्म बनेको मान्छे टेम्पो र बसमा यात्रा गर्नु कति सामान्य जीवन ! कस्तो आदर्श त्यागत ! गीता र चण्डीका इमान्दार अध्यवसायी, लोकतान्त्रिक आन्दोलनका प्रखर सिपाही, सङ्ग्रामवीर कमाण्डर राई राणा, राजा र दुष्ट पञ्चहरु धृतराष्ट दुर्योधन दुशासन प्रभृतिका तस्विर हुन भनी जसविरुद्ध आफू पाण्डव र देवीपक्ष बनेर आजीवन क्रान्तिको दुन्दुभि बजाए । असमानता, पक्षपात, क्रूरता एवं आसुरी शक्तिका महिषाषुर , शुम्भ, निशुन्भ, चण्ड र रक्तवीजका विम्व एकाधिकारवादी तानाशाहविरुद्ध चण्डीका उपाशक बनेर देशको स्वतन्त्रता र लोकतन्त्र स्थापनार्थ मैदानमा जीवनभर मुक्तिको ध्वजा उचालेर तुरही बजाईरहे । आदिवासी जनजातिको तागतलाई पश्चिमी राष्ट्रहरुले गलत ढङ्गले प्रयोग गर्लान् ? भनेर उनले जातीय, क्षेत्रीय, धर्मीय, वर्गीय, सीमान्तकृत एवं लिंङ्गीय मुद्दालाई सन्तुलित ढंगले उठाउन पर्ने यथार्थ ठम्याए । सबै राजनीतिज्ञहरुलाई अनावश्यक विदेश भ्रमण नगर्न आफू विरामी पर्दा र डाक्टरले सिफरिस गर्दा पनि आफ्नै देशमा बसेर उपचाररत भए । जन्मेको माटोप्रति कति असीम श्रद्धा थियो उनको जसले आफ्नो पार्थिक शरीरलाई आफ्नै संस्कारमा आफूले आँखा खोलेकै ठाउँ चुनेर वखलढुङ्गाको गौरवलाई माथि उचाले ।
यतिखेर राईले मूलत : नेपालको जातीय राजनीतिको तुच्छ गञ्जक तोड्न राखेका विचार उम्दा छन् । जातीय राजनीतिको दावानलले देशलाई जलाउँछ भन्ने वाणीलाई आत्मसात गर्दे सबै दलहरुले आ-आफ्ना दललाई उदारतापूर्वक समावेशीपरक बनाउँदै नीतिगत वैचारिक र कार्यक्रममूलक अभियानमा सरिक बनाउनु पर्छ । जातीय विद्धेष, धार्मिक विवाद क्षेत्रीय धारका सङ्कीर्णता परिदहन गर्न सद्भाव समन्वय र मेलमिलाप आवश्यक छ । अतः उनको सपना साकार पार्न सहिष्णुतावादी, अस्तित्ववादी हुँदै देशलाई अग्रगमनको बाटोतिर डोर्‍याऊँ । यसैबाट उनलाई हामीले सच्चा श्रद्धाञ्जली दिएको ठहरिन्छ । प्रणवीर , रणवीर, गणवीर कर्म एवं धर्मवीर विकाशका वाहक महालडाकू बलबहादुर राईप्रति पक्तिकारको पनि अनन्य श्रद्धापूर्ण जय नेपालको न्यानो अन्तिम अभिवादन !

*लेखक वि.पि.चिन्तन प्रतिष्ठान धादिङका अध्यक्ष हुनुहुन्छ ।*

# जंगली च्याउ खाँदा १५ जना विरामी

**धादिङवेशी (धास) ।** जंगलबाट ल्याएको च्याउ पकाएर खांदा धादिङ सदरमुकाम धादिङवेसीका १५ जना विरामी परेका छन् ।

विरामी परेका मध्ये पांच जनाको अवस्था गम्भिर रहेको छ । जंगलबाट ल्याएको च्याउ पकाएर खांदा कटुन्जे गाउँ विकास समिति वडा नम्वर ७ घर भई सदरमुकाम धादिङवेसीमा वस्दै आईरहेका ज्ञानु परियार, पूर्ण परियार, रामवहादुर परियार, जनकुमारी परियार र लापा गाविसका कान्छिमाया तामाङ रहेका छन् ।

मंगलवार वेलुकी खाना संगै जंगली च्याउ खाने सवैजना विरामी परेपछि विरामीलाई तत्काल जिल्ला अस्पतालमा प्राथमिक उपचार गरी मंगलवार रातीनै थप उपचारका लागि काठमाण्डौ लगिएको थियो ।

काठमाण्डौ लगिएका सबैको अहिले सामान्य अवस्थामा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय धादिङले जनाएको छ ।

# रेशमखेति गर्ने किसानले सहकारी बनाए

**धादिङ (धास) ।** धादिङ जिल्लामा रेशम खेतीगर्दै आएका किसानहरुले रेशमखेती प्रवर्द्धनका लागि सहकारी स्थापना गरेका छन् ।

व्यवशायिक रेशम खेतीका लागि रेशम कृषक समूह गठन गरि करिब ४ लाख बचत संकलन गरि सकेको अकला रेशम कृषक समुह सलाङले चाम नारायण श्रेष्ठको अध्यक्षतामा अकला कृषी सहकारी र करिब ३ लाख संकलन गरिसकेको गौतमबुद्ध रेशम कृषक समूह नलाङले शान्ती लामाको अध्यक्षतामा नयाँबस्ती कृषि सहकारी संस्था स्थापना गरेका छन् ।कृषकहरुको हितको लागि स्थापना गरिएको ति सहकारीहरुले विगतमा रेशम किरा मरेर किसानहरुले घाटा व्यहोर्नु परेकाले छिट्टैनै रेशम किराको बिमा गर्ने व्यबस्था मिलाउने सहकारी संस्थाका अध्यक्षहरुले बताएका छन् ।

सहकारीले कृषकहरुलाई सहकारी शिक्षा प्रदान गर्न तालिम, अभिमुखिकरण तथा चेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्ने, रेशम कोयालाई समुदायमा नै प्रशोधन गर्ने व्यवस्था मिलाउने, रेशम कृषिका औजारहरुमा लगानी गर्ने र कृषकहरुलाई व्यवशायिक रेशम खेती गर्न प्रोत्साहन गर्ने योजना बनाएको अकला कृषी सहकारीका अध्यक्ष चाम नारायण श्रेष्ठले बताउनुभयो ।

जापान अन्तराष्ट्रिय सहयोग नियोग (JICA) र एकिकृत सामुदायिक विकास अभियान (ICDC) धादिङको सहयोगमा धादिङ जिल्लाको सलाङ र नलाङ गाविसमा रेशम खेती गर्दै आएका कृषक समूहहरुले रेशम खेतीलाई व्यवशायिक बनाउन सहकारी स्थापना गरेका हुन् ।

धादिङ जिल्लाको ६ वटा गाविसमा १२ वटा समूह गठन गरि रेशम खेती व्यवशाय सञ्चालन भैरहेको र व्यवशायिक रेशम उत्पादन तथा प्रशोधनका लागि तिनीहरुलाई पनि क्रमश सहकारीमा आवद्ध गर्न प्रोत्साहन गरिने ICDC धादिङले जनाएकोछ । यस खेततिबाट आर्थिक उपार्जनमा टेवा पुग्ने कुरामा पनि विश्वास लिएको छ ।

**मानवले मानवलाई शोषण गर्ने, अन्याय गर्ने कार्य निन्दनिय कार्य भएको हुँदा नागरिक अधिकारप्रति सजक र सचेत बनौं र बनाऔं ।**

नेपाल सरकार
**सूचना तथा सञ्चार मन्त्रालय**
**सूचना विभाग**

# गुफाको संरक्षणमा सबै जुटौं।

.सितारामं वि.क.

**भौगोलिक**

धादिङ जिल्लाको दक्षिणी भेग धुषा गाउँ विकास समिति वडा नं. ४ दुङवाङ गाउँमा सुन्दर ऐतिहासिक नेपालकै ठुलो रमणिय गुफा छ।

त्यो गुफालाई कुनै पनि सरकारी निकायबाट हेरिएको छैन। बल्ल तल्ल शान्ति नेपाल संस्था पुगेपछी गुफा जाने गोरेटो बाटो खनिदिएको छ। गुफा प्रवेश ढोकामा पर्खाल लगाएर गेट लगाई दिएको छ। कुनै पनि मानिसहरु आफ्नो खुशी गुफा भित्र प्रवेश गर्न निशेद गरिएको छ किन भने गुफा भित्र रहेका ढुङ्गाका आकृतीहरु भाँचिदिने र लिएर जाने भएको कारणले त्याहाँ गुफा मुल समिति गठन गरिएको छ। ती गुफा मुल समितिहरुलाई सोधेर उहाँहरुलाई शुल्क तिरेर उहाँहरको अनुमनी लिएर मात्रै गुफा भित्र प्रवेश गर्न पाइन्छ। धादिङ जिल्लाको धुषा गा.वि.स. वडा नं. ४ दुङवाङ गाउँ अति विकट भएको कारणले अरु जातीको बसोबास छैन। त्यहाँ लगभग ६०-६१ घरपरिवार चेपाङ जातीको मात्र बसोबास छ। त्याहाँका मानिसहरु प्राय बनेको कन्दमुल खान्छन्। अन्य विश्वासका बढी भन्दा बढी विश्वास गर्छन। त्याहाँका मानिसहरु धेरै पढलेख गरेका छैनन्।

अहिलेका केटा केटीहरुले मात्र आठ नौ कक्षामा पढिरहेका छन्। नै दश वर्ष अगाडी नोहोक गुफा हेर्न जाने कुरा गरेमा त्याहाँका बुढा पाकाहरुले भन्थे त्यो गुफामा गयो भने भुत निस्केर खाइदिन्छ। त्यो गुफा भित्र त बन झाँक्री बस्ने गर्छ भनेर तर्साउने गर्थे। यी नचाँहिदा अन्धविश्वासका कुराहरुले गर्दा नोहोक गुफा आँफैमा ओजेल परेको देखिन्छ। अहिले विभिन्न संघ संस्थाका मानिसहरु पुगेर त्याहाँका चेपाङ समुदायलाई आय आर्जन सम्बन्धी स्वास्थ्य सरसफाई सम्बन्धी अन्य जनचेतना सम्बन्धी तालिम गोष्ठी दिएर अन्ध विश्वासमा निकै कमि आएको देखिन्छ। अहिले आफ्नो गाउँ घरमा लुकी छिपी बसेका प्राकृतिक सम्पदाहरुको कसरी संरक्षण गर्ने भनेर चेपाङ समुदायहरु पनि लागी परेको देखिन्छ। धादिङ जिल्लाको धुषा गाउँ विकास समिति वडा नं. १ चरौंदीबाट पैदल हिँडेर नौ दश घण्टामा पुगिने नोहोक गुफा आफैमा सुन्दर र रमणिय छ। चेपाङ भाषामा नोहोक खानी भनेर भनिन्छ। नोहोक खानी भनेको चाँही यो हो नो भनेको कान खानी भनेको चाँही प्वाल हो। उहाँहरुको भाषामा पनि नो खानी मात्रै भन्न लाई अस्पष्ट हुने भएकोले नोमा हो र क जोडेर नोहोक भनेको हो र नोहोक मा प्वाल जोडेर नोहोक खानी भनेको हो। राष्ट्र भाषामा काने गुफा अथवा चाँप ओडार गुफा भनेर भन्न सकिन्छ। किन भने गुफा कै अगाडि ठुलो चाँपको रुख भएको कारणले त्यही चाँपको नामबाट चाँप ओडार गुफा राखिएको हो। गुफा भन्दा माथी हरियाली लाली गुँरास फुल्ने डाडाँ पाखाहरु छन्। चाँप ओडार गुफाको सिधै माथी नाङ्गो डाडाँ पर्छ त्यो नाङ्गो डाँडामा बसेर सन्सारको अवलोकन गर्नर पूर्ण मनोरञ्जन लिन सकिन्छ। उत्तर पहाडको साथै हिमाल पुरै दाँतका लहर झै दृष्श्य देख्न सकिन्छ। भने दक्षिण र पश्चिमतिर फर्केर हेर्ने हो भने दक्षिण र पश्चिमतिर फर्केर हेर्ने हो भने परै मधेश थोरै तराई भाग दख्न सकिन्छ। यहाँ अग्ला-अग्ला डाँडा र चुलीहरु पनि छन्। सबैभन्दा अग्लो चुली लेखुम चुली हो। यहाँ ढुङ्गाको बन्दुक देख्न सकिन्छ। यहाँ सुन्दर ऐतिहासिक नेपालको ठुलो गुफाको साथै हरियाली लाली गुराँस फूल्ने अग्ला-अग्ला डाडाँ पाखा चुलीमा बसेर पुर्ण मनोरञ्जन लिन सकिने धुषा गाउँ विकास समिति वडा नं. ४ ढुङवाङ गाउँ पनि एक नोहक खानी तथा चाँप ओडार गुफाको बारेमा केही मोटा मोटी रुपमा केही कुरा बताउन चाहन्छु।

गुफाबाट भित्र प्रवेश गरे पछि अनुमान दश बाह्र मिटरको दुरीमा चारैतिर फारीएको बाटो आउँछ। त्यसलाई चोक बाटो भनिन्छ। त्याँहाबाट बिचको बाटो जाँदा २०-२५ मिटरको दुरीमा फराकिलो ठाउँ आउँछ। त्याहाँ हजार बाह्र सय मानिसहरु अट्न सकिन्छ। त्यही फराकिलो ठाउँको छेउमा उम्रेका ढुङ्गाका आकृतीहरु देख्न सकिन्छ। त्याहाँबाट मास्तीर ठुलो छाङ्गा छ त्यो छाङ्गा चढेर गुफा टुङ्गिएको ठाउँसम्म पुग्न सकिनछ। त्याहाँबाट फर्केर त्याही फराकीलो ठाउँमा आइन्छ। त्याहाँबाट बाया तिरको बाटो आइन्छ। त्याहाँ निकै जोखिम पूर्ण बाटो छ। तल्तीर बत्तीबालेर हेर्दा सेती नदी भासेसरी निकै तल पानी कल कल गरी बगेको देखिन्छ। त्याहाँबाट मास्तिर १२-१३ मिटरको दुरीमा मादल जस्तो बज्ने ढुङ्गा भेटिन्छ। त्यो ढुङ्गा मादल जस्तै गरी बज्छ। त्याहाँबाट आठ नौ मिटरको दुरीमा गाईको कचौडा जस्तो चार थुन भएको ढुङ्गा भेटिन्छ। एउटा चाहि हेर्न आउन मानिसहरुले भाँचिदीएको छ। अहिले ३ वटा थुन मात्र देख्न सकिन्छ। त्याहाँबाट गुफा दुङ्गिन्छ र बाहिर आईन्छ।

त्यो गुफा भित्र घुमफिर गरेर बाहिर निस्कन ३ घण्टा लाग्छ। ती गुफा भित्र पंक्षी चमेरा देख्न पाइन्छ भने औषधी मन पाहा पनि पाइन्छ त्याँहाका चेपाङ समुदायहरु जरो आएमा, कुफत परेमा। शरिरका अन्य भाग जोर्नी दुखेमा, हातगोडा मर्केमा, हँसीयाले काटेमा, चोट पटक लागेमा, त्यही मन पाहा लाउने र खाने गर्छन्। यस्तो प्राकृती सम्पदा भएको नोहोक खानी तथा चााप ओडार गुफाको प्रचार प्रसार गर्न सके कति विदेशी पर्यटकहरुको आगमन हुने थियो होला। कती नेपाली दाजुभाई दिदी बहिनीले रोजगारी पाउने थिए होला। यसमा सरकारी गैर सरकारी सबैको ध्यान जान जरुरी देखिन्छ। यस्तो प्राकृती संम्पदा भएको सुन्दर रमणीय गुफाको संरक्षण गर्न हामी सबै नेपालहरुले अथक साहासबोकी अगी बढ्नु पर्ने देखिन्छ।

# धादिङमा एकल..........

विद्यमान व्यवस्थालाई पमिार्जन गरिने पनि बताइएको थियो।

गोष्ठिमा कोष तथा लेखा नियन्त्रक कार्यालय धादिङका कोष नियन्त्रक हरिनारायण निरौलाले कार्यालयको भौतिक तथा जनशक्ति विवरण बताउनु भएको थियो। कार्यालयको विवरण बताउँदै निरौलाले २१ जनाको दरबन्दी रहेको कार्यालयमा अहिले १० जना कर्मचारी मात्र रहेकाले कार्य सम्पादनमा समस्या आएको बताउनु भयो।

प्रमुख जिल्ला अधिकारी भरत पौडेल, सरकारी कार्यालय तथा वित्तिय संस्थाका प्रमुखहरु लेखापालहरु र सञ्चारकर्मिहरुको सहभागिता रहेको थियो। कार्यक्रम कोष तथा लेखा नियन्त्रक कार्यालय धादिङको संयोजनमा भएको थियो।

# अन्तरक्रिया कार्यक्रम सम्पन्न

**धादिङवेशी (धास)।** सदरमुकाम धादिङवेसीमा शनिवार प्रवेशीका परिक्षाको नतिजा र विद्यार्थीको भविष्य विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

नीलकण्ठ सामुदायिक अध्ययन केन्द्रको आयोजनामा भएको अन्तरक्रिया कार्यक्रममा जिल्ला शिक्षा कार्यालय धादिङका प्रतिनिधिहरु, विभिन्न नीजी तथा सरकारी विद्यालयका प्रधानअध्यापक तथा शिक्षाप्रेमीहरुको सहभागिता रहेको थियो। शिक्षाप्रेमी कृष्णप्रसाद दाहालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नीलकण्ठ सामुदायिक अध्ययन केन्द्रका कार्यक्रम संयोजक प्रकाश पौडेलले प्रवेशीका परिक्षाको नतिजा र विद्यार्थीको भविष्य विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। कार्यपत्रमाथि कार्यक्रमका सहभागिहरुले छलफल गर्दै जिल्लाको शैक्षिक अवस्थाको बारेमा जानकारी गराउनुभएको थियो। कार्यक्रमका सभापति कृष्णप्रसाद दाहालले सरकारी र निजी विद्यालयलाई फरक ढंगले हेरिदैं आएको अवस्थामा यसको सुधारको लागि एकै स्थानमा ल्याउनुपर्ने बातावरण तयार गर्नुपर्ने बताउनुभयो।

साथै उहाले सरकारी विद्यालयमा शिक्षा कार्यालयले समय समयमा मुल्यांकन गर्ने परिपाटीको विकास गर्नुपर्ने बताउँदै प्रधानअध्यापकहरुको भेला बोलाएर नतिजाको विषयमा गम्भीर छलफल गर्न सुझाव दिनुभयो। साथै उहाले सरकारी विद्यालयका शिक्षकहरु पनि धेरै सक्षम रहेका बताउँदै विद्यालय प्रशासन, विद्यलाय व्यवस्थापन समिति, शिक्षा कार्यालय तथा अभिभावकहरु शिक्षाप्रति चिन्तित भएर लागेमा नतिजा राम्रो निस्कने बताउनुभयो।





Admission open

विगतका वर्षहरुमा सबै संकायमा शतप्रतिशत विद्यार्थी उत्तिर्ण गर्न सफल यस Edmark Acadamy प्रस्तुत गर्दछ,

नयाँ भर्ना आव्हानन्युन शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्ने यस कलेजमा गरिब तथा जेहेन्दार विद्यार्थीको लागि छात्रवृत्तिको समेत व्यवस्था गरिएको छ। अध्यापन गराइने संकायहरू

विज्ञान, व्यवस्थापन र मानविकी साथमा,

Sociology, Mass Communication And Journalsim, Travel And Tourism तथा Compuetr Science मा पनि अध्यापन गराइन्छ।

Edmark Academy Highr Secondery School

सम्पर्क ::

कलंकी चोक, काठमाण्डौ (मकालु काउन्टर पछाडी)

फोन नं. ०१-४२७०८८१, ०१-४६७२७५९

धादिङबाट आउने विद्यार्थीको लागि विशेष छुट

# बटुवा र बुढी आमा अनि सामुदायिक वन महासंघ धादिङ्ग

✍ .कविता इटनी

## सरोकार

बिग्रदै गएको जलवायु र प्रदुषित हुँदै गएको वातावरण अनि धमिलिदै गएको राष्ट्रिय राजनितिको संक्रमणकालिन अवश्थाको प्रत्यक्ष असर सामुदायिक वन समुह भित्र परिरहेको छ। अथाहा आम्दानीको स्रोत सम्पन्न तराईका सामुदायिक वन समुहहरु बाट शुरु भएको वन फडानी र गैह्र कानुनी बेच बिक्रि प्रक्रियाको देखासिकी पहाडी सा.व. समुहहरुमा विस्तारै देखा पर्न थालेको छ। यसको प्रतिनिधि उदाहरणमा धादिङको मैदी गा.वि.स.वडा नं. ८र९मा रहेको भस्मे सामुदायिक वन र सिक्रे पाखा महिला सा.व. लाई लिन सकिन्छ।

सामुदायिक विकासकै नाममा वन फडानी हुने क्रम नौलो भने होइन। विगत २/४वर्ष अगाडि देखि यो प्रकृया मौसमी अभियानका रुपमा अगाडि बढिरहेको छ। यस विषयमा सामुदायिक वन समुहहरु सचेत हुनुपर्ने देखिन्छ। राज्यले समुदायलाई प्रदान गर्नुपर्ने आधारभूत विकास सडक, बत्ति, शिक्षा , सिंचाई ,नहर जस्ता कृयाकलापहरुमा सामुदायिक वनका स्रोतहरु प्रयोग हुनु विकासका दृश्टिकोणले आफैमा नराम्रो कार्य भने हाईन तर विकासका नामले हुने गरेको गैह्र प्राविधिक योजना र यसका असर,प्रभावको बारेमा दुरगामी विचारनै नगर्ने परिपाटिले विनासलाई निम्त्याएको छ। भने अर्को पाटो सा.व.मा अनियमितता, भ्रष्टचारहरु मौलाउदै गएको छ। यस्ता दुष्परिणाम प्रति चिन्ता गर्ने सचेत मानसिकताहरुले न्यायिक कार्बाहीका लागि सम्बन्धित पक्षको ढोका ढकढक्याउनु जाहेज हो। मैदीको सामुदायिक वनको सवाललाई लिएर न्यायिक छानविनका लागि जिल्ला वन कार्यलय धादिङ्ग अनि पहिचानका निमित्त पछ्याउदै गरेको कपोकल्पित वन महासंघ धादिङ्ग जुटिरहेको छ।

मैदीको सामुदायिक वनको सवाल जिल्ला स्तरीय पैरवीको मुद्दा बनिरहेको बेला मलाई याद आयो **"लोभी बटुवा र बुढी आमा"**को कथा। विचरा बटुवा भोको थियो। जसरी भएपनि मिठै खाएर आफ्नो भोक मेटाउने चलाख जुक्ति मनमनै सोचेर आवरणमा ढुंगा खाने कुरा गर्दै बुढी आमालाई पगालेर बटुवा बास बस्न सफल भयो। बास बस्ने ठाउँकै अभावले भौतारिएको बटुवा जस्तै भौतारिएका केहि व्यक्तिहरुको समुह मैदीको भस्मे र सिक्रे पाखा महिला सा.व. को सवाललाई छाना बनाएर वन महासंघ धादिङ्गको नामले बास बस्न पगेछन् ती समुहभित्र। धन्य छ बटुवाले आफ्नो भोक टार्न बुढी आमाको घरमा बास बसे जस्तै गैह्र कानुनी प्रकृया अपनाएर भएपनि आफ्ना पहिचान गुम्ने डरको झोक टार्न मैदीको भस्मे र सिक्रे पाखा महिला समूह पुग्नेहरु प्रति। यद्यपी सवाल उठानका दृश्टिकोणले अत्यन्तै धन्यवादका पात्रहरु हुनुहुन्छ। जसले सवाल सार्वजनिक गर्न छिटो मद्दत गर्नुभयो तर एउटै संस्थाको नाममा पूर्ण रुपले सामान्यिकरण गरेर अर्को कृतिम संस्थाको नामले वन समुहमा मध्यस्तताको भूमिकामा देखिन जाने प्रयासले उपभोक्ता समुहलाई पर्ने भ्रम प्रति वास्तविक रुपमा सामुदायिक वन महासंघ धादिङ्ग चिन्तित छ। यहि सवाल उठ्न थालेपछि सम्बन्धित समुहका केहि उपभोक्ताहरुले सम्पर्क गर्न थाल्नुभयो र भन्नुभयो यो सवाललाई छिटै न्यायिक उपचार हुनुपर्‍यो हामिले वन महासंघलाई निवेदन पठाएका छौ। तत्काल दर्ता फाईल खोलेर हेरे त्यो सवालको निवेदन कार्यलयमा दर्ता नै छैन। निवेदन कता रोकिएछ भनेर खोजि गर्दागर्दै जिल्ला वन कार्यलय धादिङ्गबाट फोन आयो।

वन महासंघ धादिङ्गकै नाममा अन्य नामका व्यक्तिहरुको समुहले मैदीको सवाललाई लिएर प्रेस विज्ञप्ति जाहेर गर्नुभयो यो के हो ? त्यसपछि स्पष्ट भयो कि कृतिम संस्था जन्माउने प्रयासको संघारमै उपभोक्ताको अधिकार स्थापित गर्ने निहुमा नीजि पहिचानका निमित्त उपभोक्ता समुहमाथि शिकार खेलिदै रहेछ। वन महासंघको विधान २०५२ ( शंसोधित २०६६) मानै नभएको व्यवस्था प्रयोग गरी संयोजकको पदबाट समिति निर्माण गरेर विधानको ठाडो

*बाँकी २ पेजमा*

# सार्वजनिक सुनुवाई सम्पन्न

**चरौंदी (धास)।** जिल्ला विकास समिति धादिङबाट प्रवाह गरिएका सेवा र विभिन्न योजनाहरुको कार्यान्वयन प्रक्रियाका बारेमा सार्वजनिक सुनुवाई गरिएको छ।

सार्वजनिक सुनुवाई जिल्ला कार्यदलको आयोजनामा असार २९ गते निर्वाचन क्षेत्र नम्बर ३ मा सञ्चालन भएका विकास योजनाका बारेमा धुषा गाउँ विकास समितिको वडा नम्बर एक चरौंदीमा सार्वजनिक सुनुवाई गरिएको हो।सार्वजनिक सुनुवाईमा स्थानीय उपभोक्ताहरुले धुषा-४ घाङबाङमा रहेको न्होक गुफा संरक्षण र विकास, चरौंदी स्यादुल चेपाङ गाउँसम्मको सडक, चरौंदी-विधाङ सडक, चरौंदी-जनगाउँ सडक, लामो समयदेखि अवरुद्ध रहेको बेनिघाट जनगाउँ खानेपानी आयोजना, कात्राक खानेपानी आयोजना सञ्चालन प्रक्रिया र समाधानका बारेमा जिज्ञासा राखन् भएको थियो।

उपभोक्ताहरुबाट आएको जिज्ञासाको धादिङका स्थानीय विकास अधिकारी शंकर नेपालले जवाफ दिनु भएको थियो। स्थानीय विकास अधिकारी नेपालले न्होक गुफा संरक्षण र विकासमा जिल्ला विकास समितिले पहल गर्ने, विभिन्न सडकहरु निर्माणका क्रममा भएका कमजोरीहरुलाई आगामी वर्षमा सच्याएर लैजाने, समयमै योजना बाँडफाँड तथा कार्यान्वयनमा धयान दिने प्रतिवद्धता जनाउनु भएको थियो। सार्वजनिक सुनुवाईमा निर्वाचन क्षेत्र नम्बर तीनका उपभोक्ताहरु, विभिन्न योजनाका उपभोक्ता समितिका पदाधिकारीहरु, प्रमुख जिल्ला अधिकारी भरत पौडेल, विभिन्न सरकारी कार्यालयका प्रमुख एवं प्रतिनिधिहरु, राजनीतिक दलका प्रतिनिधिहरु, गैसस महासंघ धादिङका अध्यक्ष हरिराम लोहनी लगायत विभिन्न संघ/संस्थाका प्रतिनिधिहरु र सञ्चारकर्मिहरुको सहभागिता रहेको थियो।


# भर्ना खुल्यो ! भर्ना खुल्यो!!

दशौं वर्षदेखि अनुभवप्राप्त प्राध्यापकहरुद्वारा अध्यापन गराइने स्थापना कालदेखि +2 कलेजहरुमा आफ्नो विशिष्ट पहिचान राख्न सफल काठमाण्डौ वनहार्ट कलेजमा कक्षा ११ मा विज्ञान, व्यवस्थापन र मानविकि संकायमा विविध छात्रृत्तिका साथ भर्ना खुल्यो।

विस्तृत जानकारी

## काठमाण्डौ वनहार्ट कलेज

बल्खु TU परीक्षा नियन्त्रकको कार्यालय अगाडि

सम्पर्क नम्बर : ०१४६७२५०६/०१४६७२५०७


# हार्दिक वधाई तथा शुभकामना

२०६६ सालको प्रवेशिका परिक्षामा धुनिबेसी इङ्लिस बोर्डिङ स्कूल नौविसेबाट सम्मिलित भई विशिष्ट श्रेणी, प्रथम श्रेणीमा सतप्रतिशत विद्यार्थी उतिर्ण हुन सफल भएकोले सम्पूर्ण विद्यार्थीहरुलाई हार्दिक वधाई ज्ञापन गर्दै उज्वल भविश्यको शुभकामना व्यक्त गर्दछौं।



Lokendra Puri 89.37 | Sagar Upreti 86.82 | Niranjan Subedi 86.37 | yusuf ali 86.25 | Nabin Regmi 86.12 | suraj Bhandari 84.25



Pawan Upreti 83.25 | Sangita Regmi 82.37 | Nisha Bhatta 81.25 | Md.Kurban Ali 81.5 | JayRam Pandey 80.37 | Sushmita Thapa 78.75 | Anju Bhandari 75.75



Basanta Lohani 78.5 | Kritina Thapa **77.75** | Puspalal shrestha 76.87 | Late Anjana Bhandari 77.62 | Jagannath k.c 75.75 | Sudeep Pandey 75



Rubina Thapa 73.5 | Bikash Shrestha 73.37

**धुबलाल श्रेष्ठ**
**अध्यक्ष**
**एवं**

**गोपाल कँडेल**
**प्रिन्सिपल**

**धुनिबेसी इङ्लिस बोर्डिङ स्कूल खानीखोला**


पत्रिकाको ग्राहक बन्नु परेमा, पत्रिकामा विज्ञापन दिनु परेमा वा पत्रिका समयमा उपलब्ध नभएमा वा कुनै सल्लाह, सुझाव भएमा र समाचार लेख रचना पठाउनु परेमा निम्न ठेगानामा सम्पर्क राख्नुहोला।

**धादिङ आवाज साप्ताहिक**

नीलकण्ठ-५,धादिङबेसी, ०१०५२०६१५,
Email : dhadingvoice@gmail.com, web: dhadingawaj.com.np

# विद्वताको पराकाष्टा.......



✎ ... राजाराम शर्मा

dhadingawaj.com

कसैका लागि सुखद र खुशीको विषय थियो होला त्यो । तर धेरैका लागि हास्यास्पद र चौतारीमा गफ उडाउने विषय बन्यो । यी दुई बिचको संगतमा मैले भने विद्वताको पराकाष्टा पाँए ।

मैले एकजना विद्वानल भनेको सुनेको थिँए । मान्छे कोही पढेर मुर्ख पनि हुन्छन् र कोही नपढिकन विद्वान पनि हुन्छन् । सबै पढ्ने विद्वान र नपढ्ने मुर्ख हुँदैनन् । ती विद्वान भित्रको भनाईलाई पुष्टि गर्ने काम केहीदिन भित्रको भनाईलाई पुष्टि गर्ने काम केहिदिन अघि गजुरीमा पुरा गरियो । विद्वानहरुको मुर्ख प्रवृत्ति । अनि विद्वानको विद्वताको पराकाष्टा ।

शिक्षकले सिकाएको विद्यार्थीले सिक्ने हो अह्राएको मान्ने हो । यहि सिकाई र अह्राइमा केही विद्यार्थी भाई वहिनीहरु सामेल भए ।

घटना यस साप्ताहिकको प्रकाशनमा भएको सामान्य त्रुटीबाट सिर्जिएको थियो । काम गर्दा कमजोरी हुन्छ । का गर्नेले नै गल्ती पनि गर्छ । तर त्यो गल्ति कत्तिको गहन हो भन्ने विषयमा चाँहि समिक्षा हुन्छ । अनि गल्ति नियतवस या भूलवस वहसको विषय हुन सक्छ । तर यी कुरालाई सामान्य ख्याल पनि नगरि आवेसमा आउने विद्वानहरुको मुर्खतालाई भने सलाम दिनै पर्ला ।

पत्रकारितामा एउटा सामान्य सिद्धान्त प्रकाशन वा प्रशारणमा त्रुटी भए सच्चाइन्छ र सच्याउनेको पनि समय हुन्छ । तर केही मित्रहरु सामान्य सिद्धान्तलाई नबुझि आवेशमा आएर हास्यास्पद क्रियाकलाप गर्न पुग्छन् । अनि यो व्यवहारले धेरैलाई लाज लाग्छ, त्यसमा पनि विद्वान वर्गमा ।

सिकाउने र अह्राउनेहरुले भावावेसमा गलत क्रियाकलाप गर्न सिकाउने हो भने सिक्नेको भविष्य के होला ? भोलीका दिनमा तीनले गर्ने क्रियाकलाप कस्तो होला ?

मलाई लाग्छ पत्रिका प्रकाशनको त्यो सामान्य त्रुटीले कसैलाई क्षति भएको थिएन । यद्यपी उच्च अंक ल्याउने भाई वहिनीको प्रमाणपत्र फेरिदैन थियो । अहिले सम्म यस्तो भएको मलाई याद छैन । तर कसैले आफ्नो विज्ञापन गर्ने नाममा र आफुले प्रसिद्धि पाउने लालचामा गरेको हरकतले केहिलाई नमज्जा भने बनाएको छ । र त्यो भन्दा बढि सिक्ने र जीवनको उत्तरोत्तर पाइलामा लम्केकाहरुको भविष्यको चिन्ता लागेको छ ।

जे भयो, नराम्रो त भयौ नै तर पनि अझै केहि विग्रिएको छैन । एउटा सामान्य घटनालाई ठुलो बनाउनु पनि हुँदैन । घटना आफैँमा ठूलो र सानो हुँदैन । यसलाई कसले कसरी परिचालन गर्छ र गर्दैन भन्नेमा भर पर्छ। अनि किन र के का लागि विषयवस्तु तोडमोड गरिन्छ भन्ने विषय भने प्रमुख हुन सक्छ । तर कामना गरौं आगामी दिनमा कहिँ कतैबाट फेरी यो अवस्थाको सिर्जना हुने छैन । कमि कमजोरीको आत्म समिक्षा गरौं र आगामी दिनलाई सहजतातर्फ लैजाऔं ।

# उदाहरणीय बन्दैछ सहकारी वंगुर पालन

**मु.भ. (धास)** । मुरलीभञ्ज्याङगाउँ विकास समितिको वडा नं-३ मा सहकारी वंगुर पालन शुरु हुन लागेको छ । सहकारी खेतीमा वंगुर पालन कार्यक्रम अर्न्तगत केन्द्रिय वंगुर तथा कुखुरा प्रवर्द्धन कार्यालयको आर्थिक, जिल्ला पशुसेवा कार्यालय धादिङको प्राविधिक सहयोगमा स्वावलम्वी कृषि तथा पशु पालन सहकारी संस्थाले व्यवसायिक वंगुर पालन गर्न लागेको हो ।

पहिलो पटकमा नै एकसय वटा वंगुरका बच्चा पाल्न शुरु गर्ने गरि अहिले पूर्वाधार निर्माण भै रहेको छ । कूल १३ लाख ५८ हजार रुपैंया लागतमा सहकारीद्धारा व्यवसायिक वंगुर पालन कार्य थालनी गरेको सहकारी संस्थाको अध्यक्ष सुर्यवहादुर लामिछाने मगरले बताउनुभयो । कूल लागत मध्ये केन्द्रिय वंगुर तथा कुखुरा प्रवर्द्धन कार्यालयको जिल्ला पशुसेवा कार्यालय मार्फत ९ लाख ५८ हजार सहकारी संस्थाको ३ लाख र एकलाख रुपैंयाँ बराबरको श्रमदान खर्च हुने पनि अध्यक्ष मगरले बताउनुभयो ।

वंगुर पालनको लागि शुरुवात गर्दा तीन लाखमा खोर निर्माण, तीन लाखकै वंगुरका बच्चा खरिद, तीनलाख रुपैंयाको दाना, ५८ हजार रुपैंया बराबरको सहकारी व्यवस्थापन र विमा पुँजीको व्यवस्था गरिने बताइएको छ । श्रावण महिनाको दोश्रो सातामा वंगुरका बच्चा खोरमा राखिसक्ने लक्ष्य रहेको स्वावलम्बी कृषि तथा पशुपालन सहकारी संस्थाले जनाएको छ । बंगुर पालनको लागि अहिलेसम्म बच्चा राख्ने नौ वटा कोठा, गर्भवती वंगुर राख्ने छ वटा कोठा, प्रजनन् प्रश्चात माउ र बच्चा दुवै राख्ने ६ वटा कोठा र एउटा चौकिदार कोठा निर्माण सम्पन्न भैसकेको छ ।

वंगुरका बच्चा राखेको एक वर्ष भित्रमा मासु उत्पादन गरेर बजार पठाईने पनि सहकारीले जनाएको छ । जिल्ला पशुसेवा कार्यालयको प्राविधिक सहयोगमा सञ्चालन भैरहेको कार्यक्रममा वंगुर पालनको लागि आवश्यक जनशक्ति उत्पादन गर्ने गरि तीन जनालाई वंगुर व्यवस्थापन तालिम र एकजनालाई ग्रामीण पशुसेवा कार्यकर्ता तालिम समेत उपलब्ध गराई सकिएको छ । २५ रोपनी क्षेत्रफलमा गरिन लागेको व्यवसायिक वंगुर पालनमा आगामी वर्षमा १२ घन मिटरको गोबर ग्यास निर्माण गरि सुधारिएको मल बनाउने कार्यक्रम समेत रहेको बताइएको छ ।


# भर्ना खुल्यो !भर्ना खुल्यो !!भर्ना खुल्यो!!!

पूर्णरुपमा नयाँ व्यवस्थापनका साथ सञ्चालित यस सिद्धार्थ कलेज कलंकी बाफलमा विज्ञान, व्यवस्थापन र मानविकी संकायमा नयाँ शैक्षिक सत्रका लागि भर्ना खुल्यो ।

यहाँ शान्त शैक्षिक वातावरणमा कम्प्युटर साइन्स, होटल म्यानेजमेन्ट तथा आम सञ्चार र पत्रकारीता विषयहरुमा समेत पढाइ हुन्छ । सिट सिमित छ, समयमै भर्ना भै आफ्नो सिट सुरक्षित गर्नुहोस् ।

सिद्धार्थ कलेज कलंकीमा धादिङ जिल्लाबाट बीत्रट उत्तिर्ण गरेर विज्ञान संकायमा भर्ना हुने विद्यार्थीलाई विशेष छुटको व्यवस्था छ ।

**सिद्धार्थ कलेज कलंकी बाफल, काठमाण्डौं**

सम्पर्क:- ०१-४२७८६६२, ०१-४२८८६६


## चित्रगुप्तको चक्षु

# विकासमा लिला

चित्रगुप्ता विकास प्रेमी वन्न सुरु गरेको धेरैनै महिना भई सक्यो । यो वर्ष पनि चित्रगुप्ता विकास प्रेमी बनेर धादिङ जिल्लाको विकास हेर्न भनेर अधि वढ्यो जिल्लाको विकास हेर्न किन गाँउ जानु पर्‍यो र भन्ने भनाई मात्र सुनेको चित्रगुप्ताले यसपटक राम्रो सँग सदरमुकाममा विकास देख्यो । होटल र लजहरुमा बनाईएका विल र रकमखर्च उपभोक्ताहरुका अध्यक्ष , सचिव र कोषाध्यक्षलाई देखेर चित्रगुप्ता तिनछक पर्‍यो र लाग्न थाल्यो । एउटा आमसम्मानै गरौकी तर गाँउको विकास कहाँ गाउमानै बसेर उक्त पैशा वैक र नेता तिन यसरी नै सदरमुकाममा अनि प्रविधीक र दाजेर पनि मर्त । सवै विचित्र देखेर चित्रगुप्ता तिनछक पर्दै कर्मथलो तिर फर्‍यो । हाम्रो जिल्लाको विकास स्वर्गलोकमा महाराज बाहेक मनका देवताहरुलाई मात्र थाहा हुन्छ भन्दै चित्रगुप्ता लाज मानि मानि विकास नहेर्ने निधोमा पुग्यो । तपाईंहरु पनि विकास हेर्ने भए भदौ पछि आउनुहोला भनि चित्रगुप्ता आफ्नो कुटितर्फ लाग्यो । सबैलाई चेतना भया ।

# लेखा व्यवस्थापन तालीम सम्पन्न

**धादिङ (धास)** । सामुदायिक विकासका लागि सशक्तिकरण कार्यक्रम अर्न्तगत भुमेस्थान गाविसमा गठन भएका सामुदायिक संस्थाका पदाधिकारीहरुका लागि लेखा व्यवस्थापन तालीम सम्पन्न भएको छ ।

प्रयास नेपाल धादिङ र गरिबी निवारण कोषको साझेदारीमा संचालित सामुदायिक विकासका लागि सशक्तिकरण कार्यक्रम अर्न्तगत गठित सामुदायिक संस्थाहरुमा लेखा व्यवस्थापन गर्न सहयोग पुर्‍याउने उदेश्यले तालिम सञ्चालन गरिएको हो । सामुदायिक संस्थाका अध्यक्ष, सचिव र कोषध्यक्षहरुको लागि भुमेस्थान गाविसको भैरवी प्रावि मल्लुङमा शुरु भएको तालीममा आठ वटा संस्थाका २४ जना समेत गरी २७ जनाको सहभागिता रहेको थियो ।

तालीममा कार्यक्रम अन्तर्गत बनेका सामुदायिक संस्थाहरुले संञ्चालनमा ल्याएका खाताको परिचय, वैठक निर्णय पुस्तिका र निर्णय लेखन, वचत खाता र व्यक्तिगत पासवुक, ऋण माग एवं कारवाहि पत्र, व्यक्तिगत ऋण खाता तथा ऋण असूलि भरपाइ, नगदी रसिद, नगद कारोवार खाता लगायतका बिषयबस्तु जानकारी गराइएको छ । तालिममा प्रयास नेपाल धादिङका कार्यकारी निर्देशक दामोदर अर्याल र सामाजिक परिचालक चाँदनी थापाले विषय वस्तु बारे जानकारी दिनु गराउनु भएको थियो ।


# प्रतीक कम्प्यूटर मर्मत केन्द्र

यहाँ हरेक किसिमका कम्प्यूटर, प्रिन्टर, यू.पि.एस. एवं कम्प्यूटर सम्बन्धि सम्पूर्ण पार्टपुर्जाहरु पाइनुका साथै मर्मत सेवा उपलब्ध छ ।



**तिलक क्षेत्री**

फोनः ९८४१६५६१११, ९७५१०९७७७८

धादिङबेसी बीचबजार,
राष्ट्रिय वाणिज्य बैक संगैको तल्लो घर

# हामीलाई सम्झनुहोस

कान्तिपुर दैनिकका अधिकृत विक्रेता, विभिन्न विद्यालयका पाठ्पुस्तक, उच्च मावि तथा क्याम्पसका पुस्तकहरु, स्टेशनरी सामानहरु, मेरो मोवाईलको सिमकार्ड, रिचार्जकार्ड, कुरीयर सेवा, यसको साथै उच्च मावि बोर्ड, त्रिवि बोर्ड, एस.एल.सी बोर्डबाट मार्कसिट, ट्रान्सक्रिप्ट, माईग्रेसन निकाल्नु परेमा हामीलाई सम्झनुहोस् ।

प्रो. नारायणकुमार श्रेष्ठ

**त्रिपुरा पुस्तक पसल धादिङ्वेसी**

फोन नं : ०१०-५२०१९०, मो नं. ९८५१०१३३८७